**चौतारा साँगाचोकगढी नगरपालिका**

# नगर राजपत्र

**खण्डः ३** | **संख्याः १०** | **मितिः २०७६/१०/०१**

**भाग - २**

**चौतारा साँगाचोकगढी नगरपालिका**

## चौतारा साँगाचोकगढी नगरपालिका भित्रमा अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७६

# चौतारा साँगाचोकगढी नगरपालिका

# भित्रमा अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७६

| | |
|---|---|
| कार्यपालीकाबाट स्वीकृत मिति | २०७६ । ०९ । २८ |

चौतारा साँगाचोकगढी नगरपालिका
सिन्धुपाल्चोक
वागमती, नेपाल

**चौतारा साँगाचोकगढी नगरपालिका भित्रमा अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७६**

चौतारा साँगाचोकगढी नगर क्षेत्रभित्रका सडकहरुमा यातायात सेवाको व्यवस्था गरी नगर क्षेत्र भित्र सञ्चालन भइरहेका र हुने सार्वजनिक यातायातको साधन अटो रिक्सा संचालन तथा व्यवस्थापनको लागि नगर क्षेत्र भित्रका कच्ची तथा पक्की सडकहरु तोकि नगर स्तरीय रुट पर्मिट प्रदान गर्ने सोको अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमनको लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ४ (ट) ले दिएको अधिकारलाई कार्यान्वयन गर्नको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चौतारा साँगाचोकगढी नगर कार्यपालिकाले यो नियमावली बनाई लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भीक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "**चौतारा साँगाचोकगढी नगरपालिकाको अटो रिक्सा सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७६**" रहेको छ ।

(२) यो नियमावली नगर कार्यपालिकाबाट स्वीकृत भए पछि नगर राजपत्रमा प्रकाशित गरेको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) "ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४" लाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिका सम्झनुपर्दछ ।

(ङ) "नगरपालिका क्षेत्र" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाभित्रको स्थानलाई सम्झनुपर्छ ।

(च) "प्रमुख" भन्नाले चौतारा साँगाचोकगढी नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चौतारा साँगाचोकगढी नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ज) "स्थानीय यातायात व्यवस्थापन तथा अनुगमन समिति" भन्नाले स्थानीय यातायात व्यवस्थापन तथा अनुगमनको लागि यस नियमावलीमा व्यवस्था भएको स्थानीय यातायात व्यवस्थापन तथा अनुगमन समितिलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## अटो रिक्सा दर्ता सम्बन्धी व्यवस्था

३. **अटो रिक्साको प्रवेश दर्ताः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन गर्न ल्याइने प्रत्येक अटो रिक्सा नगरपालिका क्षेत्रभित्र प्रवेश गरिसकेपछि अटो रिक्सा धनीले कार्यालयमा अटो रिक्सा प्रवेश दर्ताको लागि अनुसूची १ मा उल्लेखित कागजपत्रको साथमा अनुसूची २ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा नगरपालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाई यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरुको अधीनमा रही त्यस्तो अटो रिक्साको प्रवेश दर्ता गरी सम्बन्धित अटो रिक्सा धनीलाई अनुसूची ३ बमोजिमको ढाँचामा अटो रिक्सा प्रवेश दर्ताको निस्सा दिनुपर्नेछ ।

**४. अटो रिक्सा दर्ता सम्बन्धी व्यवस्था**

(१) यस नियमावली बमोजिम दर्ता गराउनुपर्ने अटो रिक्सा दर्ता गराउँदा दरखास्त सँगै उल्लिखित कागजातको अतिरीक्त अनुसूची ४ बमोजिमको दस्तुर सहित अटो रिक्सा दर्ता गराउन कार्यालयमा अनुसूची ५ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा कार्यालयले त्यस्तो दरखास्तको सम्बन्धमा आवश्यक जाँचबुझ गरी अनुसूची ६ बमोजिमको सवारी दर्ता कितावमा सवारी दर्ता गरी दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको अटो रिक्साको धनीलाई कार्यालयले अनुसूची ७ मा उल्लेख भए बमोजिम अक्षर र अङ्क सहितको नम्बर प्लेट संकेत दिनेछ । अटो रिक्सा धनीले यस्तो नम्बर धातुको प्लेटमा विद्युतीय तथा यान्त्रिक माध्यमद्धारा अक्षर र अङ्क उठ्ने गरी सम्बन्धित अटो रिक्सामा प्रष्ट रुपमा देख्न सकिने गरी राख्नुपर्नेछ ।

**५. अटो रिक्साको अस्थायी दर्ताः** कुनै अटो रिक्सा अस्थायी दर्ता गर्नुपरेमा सम्बन्धित अटो रिक्सा धनीले अनुसूची ४ बमोजिमको  दस्तुर सहित कार्यालयमा अनुसूची ८ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

**६. दर्ताको प्रमाणपत्र नवीकरण सम्बन्धी व्यवस्था :**

(१) अटो रिक्सा धनीले अटो रिक्सा सञ्चालनको लागि प्रत्येक वर्ष अटो रिक्साको प्रमाणपत्र नवीकरण गराउनुपर्नेछ ।

(२) अटो रिक्सा धनीले उपदफा (१) बमोजिम अटो रिक्साको प्रमाणपत्र नवीकरण गर्न चाहेमा अनुसूची ९ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो अटो रिक्साको सम्बन्धमा कार्यालयले आवश्यक प्राविधिक जाँचबुझ गरी दरखास्तहरुको माग बमोजिम दर्ताको प्रमाणपत्र नवीकरण गर्न उपयुक्त देखेमा अनुसूची ४ बमोजिमको दस्तुर लिई यस नियमावलीको अधीनमा रही दर्ताको प्रमाणपत्र नवीकरण गर्न सक्नेछ ।

**७. सवारीको नामसारी सम्बन्धी व्यवस्था :** (१) कुनै व्यक्तिको नाममा दर्ता भएको अटो रिक्साको धनीले आफ्नो अटो रिक्सा अरु कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पन्ध्र दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा समेत संलग्न राखी अनुसूची ४ बमोजिमको दस्तुर सहित अनुसूची १० बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम अटो रिक्साको नामसारी गर्न उपयुक्त देखेमा यस नियमावलीमा उल्लिखित अन्य व्यवस्थाहरुको अधीनमा रही सवारीको नामसारी गरीदिनेछ ।

**८. अटो रिक्सा धनीको मृत्यु भएको अटो रिक्साको नामसारी सम्बन्धी व्यवस्था :**

(१) अटो रिक्सा धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले अटो रिक्सा धनीको मृत्यु भएको मितिले पैंतीस दिनभित्र अटो रिक्सा धनीको मृत्यु भएको प्रमाण, दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा तथा आफू सबैभन्दा नजिकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो अटो रिक्सा आफ्नो नाममा नामसारी गराउन अनुसूची ४ बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची ११ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम अटो रिक्साको नामसारी गर्न उपयुक्त देखेमा नामसारी गरी दिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नामसारीको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नुपर्छ । तर उपदफा (२) बमोजिम नामसारीको लागि एक भन्दा बढी बराबरीका हकवालाको दरखास्त परेमा ती सबै हकवालाको नाममा त्यस्तो अटो रिक्सा संयुक्त रुपमा दर्ता गरी नामसारी गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम कुनै अटो रिक्साको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोरा दर्ता किताबमा जनाउनुपर्छ ।

(५) यस दफा बमोजिम कुनै अटो रिक्सानामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले जाँचबुझ गर्दा सो अटो रिक्सामा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो अटो रिक्सा कसैको नाममा नामसारी गर्नु हुँदैन ।

९. **अटो रिक्सा नामसारी नगरिने**ः दफा ७ र ८ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिको नाममा दर्ता रहेको अटो रिक्सा दुर्घटना वा अन्य कुनै कारणबाट क्षतिग्रस्त भई त्यस्तो अटो रिक्साको ईन्जिन र चेसिस दुबै बिग्रीई काम नलाग्ने अवस्थाको रहेछ भने त्यस्तो अटो रिक्सा अन्य कुनै व्यक्तिको नाममा नामसारी गरिनेछैन ।

**१०. अटो रिक्साको उपकरणको परिवर्तन सम्बन्धी व्यवस्था :**

(१) अटो रिक्सा धनीले अटो रिक्साको रङ्ग, सिट, सङ्ख्या, स्वरुप, इन्जिन वा चेसिस परिवर्तन गराउन चाहेमा परिवर्तन गर्ने स्वीकृतिको लागि कार्यालयमा अनुसूची १२ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो अटो रिक्साको सम्बन्धमा कार्यालयले सम्बन्धित प्राबिधिकबाट जाँचबुझ गराइ दरखास्तवालाको माग बमोजिम अटो रिक्साको रङ्ग, इन्जिन, चेसिस परिवर्तन गर्न उपयुक्त देखेमा यस कार्यविधिमा उल्लिखित व्यवस्थाहरुको अधीनमा रही सवारीको रङ्ग, सिट सङ्ख्या, स्वरुप, इन्जिन वा चेसिस परिवर्तन गर्न स्वीकृति दिन सक्नेछ ।

**११. दर्ताको प्रमाणपत्र निलम्बनः देहायको कार्य गरेको पाइएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो अटो रिक्सा दर्ताको प्रमाणपत्र बढीमा ६ महिनाको लागि निलम्बन गर्न सक्नेछः**

(क) अटो रिक्साको दर्ताको प्रमाणपत्रमा लेखिएको सीट सङ्ख्या भन्दा बढी यात्रु राखेर अटो रिक्सा सञ्चालन गरेमा

(ख) अटो रिक्साले यात्रीको झिटीगुन्टा बाहेक अन्य मालसामान बोकेमा ।

**१२. दर्ताको प्रमाणपत्र खारेजी सम्बन्धी व्यवस्था**

(१) कुनै अटो रिक्सा कुनै किसिमले नासिएमा वा चल्न नसक्ने गरी बिग्रिएमा वा सधैंका लागि नगरपालिका बाहिर लगिएमा अटो रिक्सा धनीले तीस दिनभित्र दर्ताको प्रमाणपत्र राखी त्यस्तो अटो रिक्साको लगत कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष अनुसूची १३ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो अटो रिक्साको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ताको प्रमाणपत्र खारेज गर्न उपयुक्त देखेमा यो नियमावलीको अधीनमा रही दर्ताको प्रमाणपत्र खारेज गरी सो को व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो अटो रिक्साको लगत कट्टा गर्नुपर्नेछ ।

**१३. दर्ताको प्रमाणपत्रको प्रतिलिपी सम्बन्धी व्यवस्था :** (१) दर्ताको प्रमाणपत्र हराएमा च्यातिएमा झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पन्ध्र दिनभित्र अटो रिक्सा धनीले अधिकार प्राप्त अधिकारी समक्ष अनुसूची ४ बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची १४ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ ।

**१४.** अटो रिक्साको वर्गीकरण, स्तर तथा क्षमताः चालक सहित बढीमा ४ जनासम्म यात्रु राख्न सक्ने सिट संख्या भएको अटो रिक्सा र सो बाहेक बढीमा १३ सिट संख्या भएको अन्य अटो रिक्सा ।

**१५.** अटो रिक्साको स्तर, सञ्चालन अवधि तथा गतिः अटो रिक्साको स्तर गति तथा अन्य आवश्यक व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः

(क) कच्ची सडकमा बढीमा २० कि.मि. र पक्की सडकमा बढीमा ४० कि.मि. प्रति घण्टा भन्दा तिव्र गतिमा अटो रिक्सा चलाउनु नहुने ।

(ख) अटो रिक्सा चालक अनुमति प्राप्त व्यक्तिबाट मात्र अटो रिक्सा चलाइनुपर्ने ।

(ग) अनुसूची १५ मा उल्लेखित भाडा दर भन्दा बढी भाडा लिएर अटो रिक्सा सञ्चालन गर्न नहुने ।

## परिच्छेद ३

## बीमा सम्बन्धी व्यवस्था

**१६. यातायात सेवामा काम गर्ने कर्मचारीको बीमाः** (१) अटो रिक्सा सञ्चालन गर्ने अटो रिक्सा धनी वा व्यवस्थापकले अन्य प्रचलित कानून बमजिम अटो रिक्सा सेवामा संलग्न चालक, हेल्पर, अटो रिक्साको सीट सङ्ख्या बराबर यात्रीको बीमा, यात्रीको गुण्टाको बीमा, तेश्रो पक्षको सवारी दुर्घटनाको कारणबाट हुने मृत्यु अपाङ्ग अङ्गभङ्ग तथा उपचार बापत यस कार्यविधिमा उल्लेख भए बमोजिमको रकमको बीमा गराउनु पर्नेछ ।

**१७. बीमाको प्रमाणपत्र र बीमालेखः** अटो रिक्साको धनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिम गराएको बीमाको प्रमाणपत्र र बीमा लेख सम्बन्धित अटो रिक्सामा अनिवार्य रुपमा राख्न लगाउनु पर्नेछ ।

**१८. बीमाको प्रमाणपत्र र बीमा लेखको दाखिलाः** कुनै अटो रिक्सा दुर्घटना भएमा दुर्घटना हुने बित्तिकै त्यस्तो अटो रिक्साको धनी वा व्यवस्थापकले दुर्घटनास्थल रहेको प्रहरी कार्यालय समक्ष बीमाको प्रमाणपत्र र बीमालेख बुझाउनु पर्नेछ ।

## परिच्छेद ४

## अटो रिक्साको कर्मचारीहरुको सेवाका शर्त र सुविधा

**१९. अटो रिक्सा सेवामा काम गर्ने चालकको काम र कर्तव्य देहाय बमोजिम हुनेछः**

(१) आफ्नो जिम्मामा रहेको अटो रिक्सा हिफाजत साथ चलाउने

(२) अटो रिक्सा सञ्चालन सम्बन्धमा अटो रिक्सा धनी वा व्यवस्थापकले दिएको आदेश तथा निर्देशन इमान्दारिता पूर्वक पालन गर्ने ।

(३) आफूले चलाएको अटो रिक्साको धनी वा व्यवस्थापकको स्वीकृति विना त्यस्तो सवारी अरु कसैलाई चलाउन नदिने

(४) अटो रिक्सा चलाउँदाको अवस्थामा चालकले गर्न नहुने भनी निषेध गरेका कार्यहरु नगर्ने

(५) सवारी चलाउँदा हुन सक्ने सम्भावित दुर्घटना, सवारीको यान्त्रिक स्थिति, सडकको अवस्था, ट्राफिक सङ्केत आदिको विचार गरी सुरक्षित रुपमा अटो रिक्सा चलाउने

(६) यात्रीहरुसँग शिष्ट व्यवहार गर्ने

(७) यात्रीहरुको सरसामानको सुरक्षाको लागि उचित प्रबन्ध गर्ने र कुनै यात्रीले सरसामान तथा माल वस्तु सवारीमा छोडी गएमा त्यस्तो सरसामान तथा माल वस्तुको धनी फेला परेमा निजलाई र फेला नपरेमा नजिकको प्रहरी वा आफू कार्यरत यातायात सेवाको जिम्मेवार व्यक्तिको जिम्मामा दिने

(८) महिला, वृद्ध, बालक तथा अन्य अशक्त व्यक्तिहरुलाई यात्रा अवधिमा सम्भव भएसम्मको सुविधाको बन्दोवस्त गर्ने

(९) प्रचलित कानून र सुरक्षाको दृष्टिकोणले निषेधित वस्तु अटो रिक्सामा राखेको थाहा हुन आएमा प्रहरीलाई सूचना दिने

(१०) अटो रिक्साको वजनको हदको सीमा नाघ्ने गरी अटो रिक्सामा यात्रु, माल वस्तु तथा सरसामानहरु राख्न नदिने

(११) यात्री ओराल्ने र चढाउने कार्यमा आवश्यक सहयोग गर्ने

(१२) सवारी चलाउँदाको अवस्थामा हुन सक्ने सम्भावित दुर्घटनाप्रति समयमै सचेत हुने र अटो रिक्साको यान्त्रिक स्थिति ठीक नभएमा सो को जानकारी व्यवस्थापक र सम्बन्धित कार्यालयलाई दिने

(१३) आफूले चलाउने अटो रिक्साको सुरक्षा र हिफाजत गर्ने तथा नोक्सानी हुन नदिने

(१४) आफू सेवारत रहेको सवारी धनी वा व्यवस्थापकले दिएको सवारी सञ्चालन सम्बन्धी आदेशको पालना गर्ने ।

## परिच्छेद ५

## विविध

**२०. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः** नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ ।

**२१. प्रवेश दर्ता गर्नु नपर्नेः** यो नियमावली लागू हुनु अघि नगरपालिका क्षेत्रभित्र प्रवेश पाई सञ्चालन भइरहेका अटो रिक्साले अनुसूची ३ बमोजिम प्रवेश दर्ता गर्नुपर्ने छैन । तर सबै अटो रिक्साको हरेक वर्ष दर्ता नवीकरण भने गराउनुपर्नेछ ।

## अनुसूची १

### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

क) दरखास्त दिने व्यक्तिको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

ख) दरखास्तवालाको हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो तीन प्रति ।

ग) खरिद गर्ने व्यक्ति, फर्म वा कम्पनी वा एजेण्टले सो खरिद गरेको निस्सा ।

घ) नाबालकको नाममा अटो रिक्सा खरिद गराउनु परेमा निजको तर्फबाट निजको सरक्षकले नाबालक तथा आफ्नो समेत तीन प्रति पासपोर्ट साइजको फोटो एवं नागरिकताको प्रमाणित प्रतिलिपी समेत संलग्न राख्नुपर्नेछ ।

ङ) यात्रुको दुर्घटना विमाको व्यवस्था अनिवार्य गरिएको हुनुपर्ने ।

च) अटो रिक्सा कालो नम्बर प्लेटमा दर्ता भएको हुनुपर्ने ।

छ) सम्बन्धित यातायात कार्यालयमा दर्ता तथा नवीकरण भएका (अटो रिक्साको ब्लुबुकको प्रतिलिपि) हुनुपर्ने ।

ज) नगर कार्यपालिबाट स्वीकृत भएका रुटहरुमा नगर कार्यपालिकाको कार्यालयवाट रुट पर्मिट प्राप्त भएको हुनुपर्ने ।

झ) सम्बन्धित अटो रिक्सा चलाउनको लागि नियुक्त चालको सवारी इजाजत पत्र भएको हुनपर्ने ।

ञ) नगरपालिकाबाट स्वीकृत देहायको विवरणहरु विस्तृत रुपमा खुलाइएको हुनपर्नेछ ।

ट) अटो रिक्साको प्रचलित कानून बमोजिम गर्नुपर्ने बीमाको बीमालेख प्रतिलिपी ।

ठ) सवारी साधनको देहायको विवरणहरु विस्तृत रुपमा खुलाइएको हुन पर्नेछ ।

- ✓ कम्पनीको नाम :
- ✓ सवारी साधनको मोडल :
- ✓ सिलिण्डर संख्या :
- ✓ हर्ष पावर/सि.सि. :
- ✓ चेसिस नम्बर :
- ✓ ईन्जिन नम्बर :
- ✓ सवारीको रंग :
- ✓ चालक सहितको सिटको क्षमता :
- ✓ प्रयोग :
- ✓ संचालन क्षेत्र :
- ✓ प्रयोग हुने इन्धन पेट्रोल/डिजेल/विद्युत/अन्य :

## अनुसूची २

**(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)**

**प्रवेश दर्ताको लागि दिइने दरखास्त**

श्री चौतारा साँगाचोकगढी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय चौतारा, सिन्धुपाल्चोक ।

१. दरखास्तवालाको नाम र ठेगाना व्यक्ति फर्म कम्पनीः
२. पिता वा पतिको नामः
३. अटो रिक्साको किसिमः
४. अटो रिक्सा बनाउने कम्पनीको नामः
५. सवारी मोडेलः
६. सिलिण्डर संख्याः
७. हर्ष पावर वा सि.सि.:
८. च्यासिस नम्बरः
९. ईन्जिन नम्बरः
१०. सवारीको रङः
११. सिटरबजन क्षमताः
१२. पेट्रोल/ग्याँस/विद्युतबाट चल्नेः
१३. रेडियो भए/नभएकोः
१४. खरिद गर्ने व्यक्तिरफर्म वा कम्पनीको विवरणः
१५. प्रवेश गर्ने भन्सार कार्यालयः
१६. झिकाउने इजाजत पाएको निस्साः
१७. सवारी खरिद भएको निस्सा र अन्य कागजातहरुको विवरणः

**माथि उल्लेखित गरिए बमोजिमको सवारीको प्रवेश दर्ता गरी निस्सा प्रदान गरिदिनुहुन अनुरोध छ ।**

दरखास्तवालाको

सही

नाम थरः

उमेरः

ठेगानाः

मितिः

**इति संवत् २०.....साल.......महिना.......गते.......रोज शुभम्..................................**

## अनुसूची ३

**(दफा ३ को उपदफा २ सँग सम्बन्धित)**

**सवारी प्रवेश दर्ताको निस्सा**

श्री चौतारा साँगाचोकगढी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय चौतारा, सिन्धुपाल्चोक ।

प्रवेश दर्ता निस्सा नं............. मितिः २०७...।......।.......

निम्न विवरण भएको अटो रिक्सा मिति २०....।......।......मा चौतारा साँगाचोकगढी नगरपालिकामा प्रवेश गरी यस कार्यालयमा प्रवेश दर्ता गराएको व्यहोरा प्रमाणित गरिन्छ ।

**सवारीको विवरणः**

१. अटो रिक्सा दर्ता नंः
२. अटो रिक्सा को किसिमः
३. अटो रिक्सा आयात गर्ने व्यक्तिरफर्मरकम्पनी को नाम थरः
४. ठेगानाः
५. सवारीको ईन्जिन नम्बरः
६. सवारीको चेसिस नम्बरः
७. सवारी बनाउने कम्पनीको नामः
८. मोडेल नं निर्माण भएको साल :
९. सवारीको रङः
१०. सवारी आयात गर्ने इजाजत पत्रको निस्सा नं :
११. अन्यः

**निस्सा दिने अधिकारीको**
सहीः

नाम थरः

दर्जाः

मितिः

## अनुसूची ४

## दस्तुर तालिका

(क) दफा ४ को उपदफा (१), दफा ५  र दफा ७ को उपदफा (१) को प्रयोजनको लागि सवारी दर्ता दस्तुरः

| क.सं | अटो रिक्साको वर्गीकरण | दस्तुर रुपैयाँमा |
|---|---|---|
| १. | सीट क्षमता ४ जनासम्म भएको | |
| २. | यात्रु क्षमता ४ जनाभन्दा बढी भएको | |

(ख) दफा ७  को उपदफा (१) र दफा ८ को उपदफा (१) को प्रयोजनको लागि अटो रिक्साको नामसारी दस्तुरः

| क.सं | अटो रिक्साको वर्गीकरण | दस्तुर रुपैयाँमा |
|---|---|---|
| १. | सीट क्षमता ४ जनासम्म भएको | |
| २. | यात्रु क्षमता ४ जनाभन्दा बढी भएको | |

(ग) दफा ६ को उपदफा (३) को प्रयोजनको लागि यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण दस्तुरः

| क.सं | पूँजी | दस्तुर रुपैयाँमा |
|---|---|---|
| १. | रु ६ लाख भन्दा कमको लागि | |
| २. | रु ६ लाख भन्दा बढी जतिसुकै भएपनि | |

(घ) दफा १३ को उपदफा (१) को प्रयोजनको लागि दर्ता प्रमाणपत्रको प्रतिलिपी दस्तुरः

| क.सं | पूँजी | दस्तुर रुपैयाँमा |
|---|---|---|
| १. | रु ६ लाख भन्दा कमको लागि | |
| २. | रु ६ लाख भन्दा बढी जतिसुकै भएपनि | |

## अनुसूची ५

### (दफा ४ को उपदफा १ सँग सम्बन्धित)

### सवारी दर्ता गर्न दिइने दरखास्त

श्री यातायात समिति

चौतारा साँगाचोकगढी नगरपालिका

सिन्धुपाल्चोक, प्रदेश नं ३

मेरो/हाम्रो नाममा खरिद भएकोरप्राप्त भएकोरझिकाएको निम्न विवरण भएको सवारी सुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ राखी पेश गरेको छु/छौं । उक्त अटो रिक्सा जाँच गरी मेरोरहाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छुरछौं ।

१. सवारी झिकाउने व्यक्तिरफर्मरकम्पनी वा संस्था को नाम थरः

२. ठेगानाः

(क) स्थायीः

(ख) अस्थायीः

३. पिता वा पतिको नाम थर व्यक्ति भएमाः

४. सवारीमा भएको दर्ता नं साविककोः

५. सवारीको किसिमः

६. सवारी बनाउने कम्पनीको नामः

७. सवारीको मोडेल नं निर्माण भएको सालः

८. सिलिण्डर संख्याः

९. हर्ष पावर सि सिः

१०. सवारीको ईन्जिन नंः

११. सवारीको चेसिस नंः

१२. सवारीको रङः

(क) बडिको रङः

(ख) सिसाको रङः

१३. प्रयोग गर्ने इन्धनको किसिमः

१४. सवारीमा भएको सञ्चारको उपकरण रेडियो क्यासेट टेलिफोन आदि

१५. सवारीको वजन क्षमताः

(क) कुल बजनः

(ख) भारवहन क्षमताः

(ग) सिट संख्याः

१६. प्रयोगः

१७. चलाउने क्षेत्रः

१८. भन्सार तिरेको निस्साः

(क) भन्सार कार्यालयको नामः

(ख) प्रज्ञापन पत्र नंः

(ग) रसिद नंः

(घ) मितिः

१९. प्रवेश दर्ता प्रमाणपत्रको निस्साः

(क) प्रवेश पत्रको निस्सा दिने कार्यालयको नामः

(ख) प्रवेश दर्ता निस्सा दिएको मितिः

(ग) प्रवेश दर्ता निस्सा नंः

२०. अन्य प्रमाणको विवरणः

दरखास्तवालाको

सहीः

नामथरः

ठेगानाः

मितिः

**कार्यालय प्रयोजनको लागीः**

सवारी निरीक्षणको व्यहोरा

प्रदान गरिएको अस्थायी दर्ता नं

दर्ता मिति

**निरीक्षण गर्ने प्राबिधिकको सही......................फाँटवालाको सही....................दर्ता गर्ने अधिकारीको सही................**

**अनुसूची ६**

**(दफा ४ को उपदफा २ सँग सम्बन्धित)**

**सवारी दर्ता किताब**

**यातायात समिति**

श्री चौतारा साँगाचोकगढी नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय चौतारा, सिन्धुपाल्चोक ।

सवारीको दर्ता लागत (विवरण)

| सवारी धनीको फोटो |
|---|

| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरुको विवरण | सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी | | सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्साहरुको विवरण | सवारी धनीको नाम थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | | | | |
| १. सवारीको दर्ता नः<br>२. सवारी दर्ता मितिः<br>३. सवारीको मोडेल वा निर्माण भएको वर्ष<br>४. बनाउने कम्पनी<br>५. हर्ष सि सि<br>६. कुल बजनः<br>७. वजन क्षमता सिट वा बोक्ने क्षमता<br>(क) सिट संख्या<br>(ख) बजन क्षमता<br>८. चेसिस नं<br>९. इन्जिन नं<br>१०. ब्लक नं<br>११. सवारीको रङ<br>१२. चेसीसको क  लम्बाई ख चौडाइ<br>१३. बडीको<br>(क) लम्बाई<br>(ख) चौडाई<br>१४. प्रयोग गर्ने इन्धनको किसिमः<br>१५. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण<br>१६. अन्य प्राबिधिक विवरण<br>१७. प्रयोग<br>१८. चलाने इलाका<br>१९. नयाँ प्रविधिको सवारी भएमा प्रदुषणको प्रमाणपत्र | **१. भन्सार तिरेको निस्सा**<br>(क) भन्सार कार्यालयको नामः<br>(ख) प्रज्ञापन पत्र नं<br>(ग) रसिद नं<br>(घ) मिति<br>(ङ) अन्य<br>**२. प्रवेश दर्ताको निस्सा**<br>(क) प्रवेश दर्ता गर्नेको नामः<br>(ख) प्रवेश पत्र नं<br>(ग) मितिः<br>(घ) अन्यः<br>(ङ) झिकाउने इजाजत पाएको निस्सा<br>**३.**<br>(क) झिकाउने इजाजत दिने कार्यालयः<br>(ख) इजाजतपत्र नं<br>(ग) इजाजत दिएको मिति<br>**४. खरिद भै आएको मानिस वा कम्पनीको विवर0**<br>(क) विक्रेताको नामः<br>(ख) बिक्री वा खरिद भएको मितिः<br>(ग) प्रमाणित गर्ने व्यक्ति वा निकाय<br>(घ) अन्य | | | | | | | | | |

**निरीक्षण गर्ने प्राबिधिकको सही** **फाँटवालाको सही** **प्रमुखको सही**

अथवा

१. सवारी दर्ता नं
२. सवारीको किसिम
३. बनाउने कम्पनीको नाम
४. मोडेलः
५. सिलिण्डर
६. हर्ष पावरः
७. सवारीको ईन्जिन नः
८. सवारीको चेसीस नः
९. सवारीको रङः
(क) बडी (ख) सि सा
१०. इन्धनः
११. सञ्चार उपकरणः
१२. वजन क्षमताः कूल क्षमताः १ सिट संख्या
१३. सरुवा सहमति पत्रको च नं मिति र सक्कल स द प्र प
१४. बाटो इजाजत पत्र
१५. सवारी कर प्रमाणपत्रः
१६. जाँचपास
१७. प्रदूषण प्रमाणपत्र
१८. अन्य प्रमाणः

अटो रिक्सा धनीको

फोटो

सहीः

नाम थरः

ठेगाना

कार्यालय प्रयोजनका लागि

सवारी निरीक्षणको पूर्ण व्यहोरा प्रदान गरिएको दर्ता नं

दर्ता मितिः

निरीक्षण गर्ने प्राबिधिकको सही फाँटवालाको सही प्रमुखको सही

## अनुसूची ७

(दफा ४ को उपदफा ३ सँग सम्बन्धित)

### अटो रिक्साको प्लेटको संकेत (अक्षर र अङ्क)

| संकेत | अङ्क |
| --- | --- |
| बा | |

## अनुसूची ८

### (दफा ५ सँग सम्बन्धित)

### सवारीको अस्थायी दर्ता गर्न दिइने दरखास्त

चौतारा साँगाचोकगढी नगरपालिका

श्री यातायात समिति

सिन्धुपाल्चोक, प्रदेश नं ३

मेरो/हाम्रो नाममा खरिद भएकोरप्राप्त भएकोरझिकाएको निम्न विवरण भएको सवारी अस्थायी दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ राखी पेश गरेको छुरछौं । उक्त अटो रिक्सा जाँच गरी मेरोरहाम्रो नाममा अस्थायी दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं ।

१. सवारी झिकाउने व्यक्तिरफर्मरकम्पनी वा संस्थाको नाम थरः

२. ठेगानाः

 (क) स्थायीः

 (ख) अस्थायीः

३. पिता वा पतिको नाम थर व्यक्ति भएमार

४. सवारीमा भएको दर्ता नं साविकको

५. सवारीको किसिमः

६. सवारी बनाउने कम्पनीको नामः

७. सवारीको मोडेल नं निर्माण भएको सालर

८. सिलिण्डर संख्याः

९. हर्ष पावर सि सिः

१०. सवारीको ईन्जिन नंः

११. सवारीको चेसिस नंः

१२. सवारीको रङः

 (क) बडिको रङः

 (ख) सिसाको रङः

१३. प्रयोग गर्ने इन्धनको किसिमः

१४. सवारीमा भएको सञ्चारको उपकरण रेडियो क्यासेट टेलिफोन आदि

१५. सवारीको वजन क्षमताः

 (क) कुल वजन

(ख) भारवहन क्षमता

(ग) सिट सङ्ख्या

१६. प्रयोगः

१७. चलाउने क्षेत्रः

१८. भन्सार तिरेको निस्साः

(क) भन्सार कार्यालयको नामः

(ख) प्रज्ञापन पत्र नंः

(ग) रसिद नंः

(घ) मितिः

१९. प्रवेश दर्ता प्रमाणपत्रको निस्साः

(क) प्रवेश पत्रको निस्सा दिने कार्यालयको नामः

(ख) प्रवेश दर्ता निस्सा दिएको मितिः

(ग) प्रवेश दर्ता निस्सा नंः

२०. अन्य प्रमाणको विवरणः

दरखास्तवालाको

सहीः

नाम/थरः

ठेगानाः

मितिः

**कार्यालय प्रयोजनको लागीः**

सवारी निरीक्षणको व्यहोरा

प्रदान गरिएको अस्थायी दर्ता नं

दर्ता मिति

**निरीक्षण गर्ने प्राबिधिकको सही....................फाँटवालाको सही..................दर्ता गर्ने अधिकारीको सही.......................**

## अनुसूची ९

**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित )**

## दर्ता प्रमाणपत्र नवीकरण गराउन दिइने दरखास्त

चौतारा साँगाचोकगढी नगरपालिका

श्री यातायात समिति

सिन्धुपाल्चोक, प्रदेश नं ३

मेरो/हाम्रो नाममा यस नगरपालिका कार्यालयमा दर्ता रहेको सवारीको दर्ता प्रमाणपत्र को नवीकरणको लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी दरखास्त दिएको छु/छौं ।

१. सवारी दर्ता नं:

२. सवारीको किसिम:

३. सवारी धनीको नाम, थर:

४. सवारी नवीकरण म्याद समाप्त भएको मिति:

५. सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्ने अवधि:

६. सवारी साधन आयकर बुझाएको निस्सा:

(क) सवारी आयकर बुझाएको अवधि:

(ख) रसिद वा भौचर नं स

(ग) मिति:

७. बाटो इजाजत पत्र:

(क) बाटो इजाजत पत्र दिने कार्यालय

(ख) बाटो इजाजत्र पत्र पाएको क्षेत्र

(ग) बाटो इजाजत पत्र पाएको अवधि:

(घ) बाटो इजाजत पत्र लिएको मिति:

८. अन्य:

दरखास्तवालाको

सही:

नाम थर:

ठेगाना:

मिति:

**कार्यालय प्रयोजनको लागि**

नवीकरण गरेको मितिः

नवीकरण गरेको अवधिः

जाँचबुझ गर्ने प्राविधिकको सही      फाँटवालाको सही      नवीकरण गर्ने अधिकारीको सही

९. सवारीको चेसीस नः

१०. सवारीको रङः

(क) बडीः

(ख) सिसाः

११. इन्धनः

१२. सञ्चार उपकरणः

१३. वजन क्षमताः

१४. कूल क्षमताः

१५. सिट संख्याः

१६. सरुवा सहमति पत्रको च नं :      मिति र सक्कल स.द.प्र.प.

१७. बाटो इजाजत पत्रः

१८. सवारी कर प्रमाणपत्रः

१९. जाँचपासः

२०. प्रदूषण प्रमाणपत्रः

२१. अन्य प्रमाणः

दस्तखत वालाको

सहीः

नाम थरः

ठेगानाः

कार्यालय प्रयोजनका लागि

सवारी निरीक्षणको पूर्ण व्यहोरा      प्रदान गरिएको दर्ता नंः

दर्ता मितिः

सवारी जाँच्ने प्राविधिकको सही……………………फाँटवालाको सही………………………दर्ता गर्नेको सही……………………

## अनुसूची १०

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**सवारीको नामसारी गराउन दिइने दरखास्त**

चौतारा साँगाचोकगढी नगरपालिका

श्री यातायात समिति

सिन्धुपाल्चोक, प्रदेश नं ३

लिखितम मेरो हाम्रो नाममा दर्ता भई मेरो हाम्रो भोगमा रहेको इ.नं चेसिस नं मोडेल नं भएको नं को सवारीलाई मैले हामीले निम्न लिखित नाम थर ठेगाना भएको व्यक्ति फर्म कम्पनी संस्थालाई किनाराका साक्षीको रोहवरमा रु  अक्षरुपी मा लिलाम बिक्री उपहार बकस गरी दिएको हुनाले उक्त सवारी निज निजहरुको नाममा नामसारी गरी दिनु हुन अनुरोध गर्दछु गर्दछौँ । माथिको व्यहोरा फरक परी बिक्री लिलाम उपहार बकस गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

बिक्री लिलाम उपहार बकस गरिदिनेको

सही :

नामथर:

वर्ष :

ठेगाना

अञ्चल :

जिल्ला:

न.पा.:

वडा नं:

टोल:

फोन नं:

बाबु र पतिको नाम:

बाजेको नाम:

साक्षी:

१.

२.

उपर्युक्त बमोजिमको सवारी साधन माथि उल्लेखित व्यक्ति व्यक्तिहरु फर्म कम्पनी संस्थाबाट मैले हामीले खरिद लिलाम सकार उपहार बकस हकभोग कायम गरी लिएको हो । यसमा कुनै फरक पर्ने छैन । फरक पारी लेनदेन गरेको ठहरी यो नामसारी बदर भएमा कानून बमोजिम दण्ड सजाय गरेमा सहन बुझाउन तयार छुरछौँ ।

खरिद गर्ने लिलाम सकार गर्ने उपहार बकस पाउनेको सही:

नाम थरः

वर्षः

ठेगानाः

अञ्चल

जिल्लाः

गा.पा/न.पा/उ.म.न.पा/म.न.पाः

वडा नः

टोलः

फोन नंः

बाबुरपतिको नामः

बाजेको नामः

**लेखकः**

पेश भएका कागजपत्रहरु

१. लिने दिने दुबैको नागरिकताः

२. सवारी आयकर तिरेको प्रमाण

३. बाटो इजाजत लिएको प्रमाणपत्र

४. संस्था फर्म कम्पनीको नाममा लेनदेन भएको भए सम्बन्धित पत्र

(क) पत्र संख्या च नं मितिः

५. वारिसनामा वा प्रतिनिधी तोकी आएको भए सो को पत्र प्रमाण तथा नागरिकताको वा परिचय पत्रको प्रमाणित प्रतिलिपी

६. नामसारीको लागि बुझाएको दस्तुरको रसिद नं........र मिति

७. अन्य प्रमाणपत्रहरुः

क) सवारी जाँचपास प्रमाणपत्र

ख) सवारी प्रदूषण प्रमाणपत्र

**इति संवत २०.....साल........महिना.........गते रोज..................शुभम्.......................**

**कार्यालय प्रयोजनका लागि**

सवारी जाँच प्रतिवेदनको व्यहोराः

सवारी जाँच्ने प्राविधिकको सही

उपर्युक्त बमोजिम लेनदेनको मञ्जुरी गरी मेरो रोहवरमा सही सनाखत गरेको र उल्लेखित कागजपत्र समेत पेश गरी सकेको हुँदा नामसारी गरिदिन पेश गरेको छु।

फाँटवालाको

सही

नाम थर

मिति

नामसारी सदर गरी प्रमाणित गरिदिने अधिकारीको

सहीः

नाम थरः

मितिः

## अनुसूची ११

### (दफा ८ को उपदफा १ सँग सम्बन्धित)

सवारी धनीको मृत्यु भएमा सवारीको नामसारी गर्न दिइने दरखास्त

चौतारा साँगाचोकगढी नगरपालिका

श्री यातायात समिति

सिन्धुपाल्चोक, प्रदेश नं ३

**विषयः सवारीको नामसारी ।**

मेरो हाम्रो हक भोगमा रहेको इ नं चेसिस नं दर्ता नं को सवारीको धनी श्री को मृत्यु भएकोले स्थानीय पञ्जीकाधिकारी कार्यालयको मृत्यु दर्ता प्रमाणपत्र च नं मिति जिल्ला प्रशासन कार्यालय को नाता प्रमाणित पत्र एवं नजिकको हकवाला भन्ने व्यहोराको पत्र साथ सवारी कर प्रमाणपत्र नागरिकता प्रमाणपत्र बाटो इजाजत पत्र संस्था फर्म कम्पनी भए पत्रको च नं मिति वा प्रतिनिधित्व पत्र संलग्न राखी तोकिएको दस्तुर सहित नामसारी गरिदिनि हुन अनुरोध गर्दछुरछौँ । माथिको व्यहोरा फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

१. मृतकको मृत्यु दर्ता प्रमाणपत्रः
२. जिल्ला प्रशासन कार्यालयको नाता प्रमाणित पत्र
३. सवारीको स द प्र प
४. बाटो इजाजतपत्र
५. सवारीको जाँचपास
६. सवारीको प्रदूषण जाँच प्रमाणपत्र
७. अन्य प्रमाणहरुः

माथि लेखिएको सवारी साधन हाम्रो हक भोगको भएकोले कुनै फरक पर्ने छैन । फरक पारिएको वा बेहक ठहरिएमा नामसारी बदर भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

हकवालाको

सहीः

नाम थरः

वर्षः

ठेगानाः

सवारी जाँचको विस्तृत प्रतिवेदनः

माथि उल्लेखित प्रमाणहरुको साथै सही सनाखतको आधारमा नामसारी गरिदिन पेश गरेको छु ।

सवारी जाँच्ने प्राविधिकको सही.....................फाँटवालाको सही .....................नामसारी सदर गर्नेको सही...................

# अनुसूची १२

## (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

## सवारीको उपकरण परिवर्तन गराउन दिइने दरखास्त

चौतारा साँगाचोकगढी नगरपालिका

श्री यातायात समिति

सिन्धुपाल्चोक, प्रदेश नं ३

मेरो हाम्रो नाममा दर्ता रहेको सवारीको इन्जिन/चेसिस/रङ/सिट स्वरुप परिवर्तन हेरफेर गर्नुपर्ने भएकोले आवश्यक दस्तुर र प्रमाण संलग्न राखी दरखास्त दिएको छु/छौं । सवारी जाँची बुझी/परिवर्तन हेरफेर गर्न स्वीकृति पाउँ । फरक परेमा कानून बमोजिम सहुँला बुझाउँला ।

१. सवारी धनीको नाम थर र ठेगाना:

२. सवारी दर्ता नं

३. सवारीको किसिम

४. सवारीमा परिवर्तन हेरफेर गर्नुपरेको कारण:

५. भन्सार गरी ल्याएको भए भन्सार प्रज्ञापन पत्र र रसिद

६. अन्य कागजात:

दरखास्तवालाको

सही

नाम थर

ठेगाना

मिति

सवारी परिवर्तन हेरफेर सम्बन्धमा प्राविधिकको राय:

सवारी जाँच्ने प्राविधिकको सही ....................फाँटवालाको सही ............................परिवर्तन हेरफेर गर्न स्वीकृति दिने अधिकृतको सही..................

**अनुसूची १३**
**(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)**
**दर्ताको प्रमाणपत्र खारेजीको लागि दिइने दरखास्त**

चौतारा साँगाचोकगढी नगरपालिका

श्री यातायात समिति

सिन्धुपाल्चोक, प्रदेश नं ३

मेरो हाम्रो नाममा यस कार्यालयमा दर्ता भएको निम्न अनुसारको सवारी बिग्रिई नसीई भविष्यमा चलाउन नसक्ने भएकोले दर्ता प्रमाणपत्र संलग्न राखी दरखास्त दिएको छु छौं । व्यहोरा बुझी दर्ता प्रमाणपत्र खार्ज गरी पाउँ ।

१. सवारी धनीको नाम थरः

२. ठेगानाः

३. सवारी दर्ता नं

४. सवारीको किसिम

५. सवारी दर्ता खारेज गर्नुपर्नाको कारण

६. हराएको नासिएको आदिको व्यहोरा प्रमाण वा सिफारिसपत्र

७. सवारी दर्ता प्रमाणपत्र

८. जाँचपासको प्रमाणपत्र

९. प्रदूषण जाँचपासको प्रमाणपत्र

१०. बाटो इजाजत पत्र

११. अन्य प्रमाणः

दरखास्तवालाको

सहीः

नाम थरः

ठेगानाः

मितिः

**कार्यालय प्रयोजनको लागि**

सवारीको विस्तृत जाँच गरी दर्ता खारेज गर्नुपर्ने कारण खोलिएको प्रतिवेदन :

सवारी जाँच्ने प्राविधिकको सही................फाँटवालाको सही................सवारी दर्ता खारेज गर्न निर्णय दिने अधिकृतको सही................

(द्रष्टव्यः हराएको वा नासिएको व्यहोरा निवेदन परेमा कुनै कार्यालय वा निकायबाट कुनै कारवाही वा अन्य प्रयोजनका लागि नखिचिएको र सो व्यहोरा झुटो भएमा कानून बमोजिम सहँला बुझाउँला भनी कबुलियत समेत गराउने)

**अनुसूची १४**
**(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)**

**दर्ताको प्रमाणपत्रको प्रतिलिपीको लागि दिइने दरखास्त**

**चौतारा साँगाचोकगढी नगरपालिका**

**श्री यातायात समिति**

**सिन्धुपाल्चोक, प्रदेश नं ३**

मेरो/हाम्रो नाममा यस कार्यालयमा दर्ता भएको निम्न अनुसारको सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपी पाउन लाग्ने दस्तुर र आवश्यक प्रमाणसमेत यसै साथ संलग्न गरी दरखास्त दिएको छु/छौं । व्यहोरा बुझी दर्ता प्रमाणपत्रको प्रतिलपी पाउँ ।

१. सवारी धनीको नाम थर:

२. ठेगाना:

३. सवारी दर्ता नं.

४. सवारीको किसिम

५. प्रतिलिपी लिनुपर्ने कारण

६. हराएको नासिएको भएमा सो को मिति र स्थान

७. उक्त व्यहोरा प्रमाणित गर्ने आधार र प्रमाण

८. कुनै कार्यालयको सिफारिस भए सो को:

(क) नाम (ख) पत्र संख्या (ग) मिति

९. अन्य:

१०. लेखिएको व्यहोरा ठिक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

दरखास्तवालाको

सही:

नाम थर:

ठेगाना:

मिति:

कार्यालय प्रयोजनको लागि

रिकर्ड भिडाउँला सम्पूर्ण व्यहोरा मिल्न गएकोले

प्रतिलिपी दिन सिफारिस गर्ने.................. फाँटवालाको सही .......................प्रतिलिपी प्रमाणित गर्ने अधिकारीको सही................

**अनुसूची १५**

**(दफा १५ (ग) सँग सम्बन्धित)**

**अटो रिक्सा सञ्चालनको लागि तोकिएको भाडा दर**

**चौतारा साँगाचोकगढी नगरपालिका क्षेत्रभित्र संचालन हुने अटोरिक्सा, ट्याम्पोको स्वीकृत भाडादर विवरण**

| क्र.सं. | सडकको विवरण | देखि | सम्म | प्रस्तावित कूल भाडा रु. |
|---|---|---|---|---|
| १. | चौतारा-स्याउले सडक | चौतारा | पात्लेपानी | २५ |
| | | | व्याङ्चेपानी | ४० |
| | | | धाउखानी | ५५ |
| | | | स्याउले बजार | ६५ |
| | | | गौराती भिमसेनथान | ४० |
| २. | चौतारा-कुविण्डे सडक | चौतारा | बाग बजार | १५ |
| | | | चागुले टोल | २५ |
| | | | देउराली | ३० |
| | | | च्यानडाँडा | ४५ |
| | | | छाप | ६५ |
| | | | विद्यालय | ७५ |
| | | | कुविण्डे पुल | ९० |
| | | | नौविसे | ९५ |
| ३. | चौतारा-सानोसिरुवारी सडक | चौतारा | सिमाना | १० |
| | | | सिरुवारी | ३० |
| | | | पदनी | ४० |
| | | | आरुवोटे | ४५ |
| | | | नेपाने | ६० |
| | | | भ्याडीखोला | ८० |
| | | | मेलचौर | १५ |
| | | | कल्लेरी गाउँ | ३० |
| ४. | चौतारा-बन्देऊ सडक | चौतारा | इुर्ख | २५ |
| | | | बाँफ विसौनी | ३० |
| | | | जल्केनी | ५० |
| | | | हर्रे डाँडा | ५५ |
| | | | देउराली | ६० |
| | | | साँगाचोक | ६५ |
| | | | मानेडाँडा | ७० |
| | | | पानीचौर | ७५ |
| | | | नर्सरी | ८० |
| | | | पोखरे | ९० |
| | | | वन्देऊ | १०० |
| | | जल्केनी | वाहुनगाउँ | १५ |
| | | | कार्कीटार | ४० |

| क्र.सं. | सडकको विवरण | देखि | सम्म | प्रस्तावित कूल भाडा रु. |
|---|---|---|---|---|
| ५. | ईर्खु-मुलखर्क-सिरानचौर सडक | ईर्खु | सातदोबाटो | ६० |
| | | | सिरानचौर | ५० |
| | | | मुलखर्क | ३० |
| ६. | चौतारा-हर्रे डडुवा सडक | हर्रे | डडुवा | ६० |
| ७. | चौतारा-साँगाचोक डडुवा सडक | चौतारा | डडुवा | १०० |
| | | साँगाचोक | डडुवा विद्यालय | ५० |
| | | | रानीटार | ६० |
| | | | असिने | ७० |
| | | | खत्रिथोक | ४० |
| ८. | चौतारा-ठूलोसिरुवारी सडक | चौतारा | जल्केनी मोड | ४५ |
| | | | गणेश मा.वि. | ६० |
| | | | कोटडाँडा | ७० |
| | | | नर्सिङडाँडा | ८५ |
| | | | कुण्डला | १०० |
| ९. | चौतारा-कदमबास सडक | जल्केनी | जीतपुर | ५० |
| | | | सिरानचौर | ५५ |
| १०. | चौतारा-पिपलडाँडा सडक | चौतारा | सिद्धिकमला | ३० |
| | | | थुम्की डाँडा | ४० |
| | | | सिमलबोट | ४५ |
| | | | विष्टटोल | ५० |
| | | | भ्याडीखोला | ८० |
| ११. | मेलचौर-कदमबास सडक | चौतारा | ईर्खु पोखरे | ३० |
| | | | चिलाउने विद्यालय | ६० |
| | | | गोर्सु | ९० |
| | | | कदमबास | १०० |
| १२. | चौतारा-बतासे सडक | चौतारा | गैरीगाउँ | १५० |
| | | | किटिनी | १०५ |
| | | | भालुवन | ४५ |
| | | | हुन्द्रुङ | ३० |
| | | | सेरा | ६० |
| | | | कामीडाँडा | ५० |

आज्ञाले,
इन्द्र प्रसाद बस्याल
प्रमुख प्रशासकीय अधिकृत